बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मितिः२०८१/०७/०६

**प्रस्तावनाः** कृषि क्षेत्रको दिगो विकासको लागि भौगोलिक सम्भाव्यता, तुलनात्मक लाभ र कृषकको मागको आधारमा कृषि जन्य बाली वस्तुहरुको उत्पादन, प्रशोधन तथा बजारीकरण प्रबर्द्धन सम्बन्धि कार्यक्रमहरुलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका साथै समयसापेक्ष परिमार्जित स्थानीय र नविनतम कृषि प्रविधिहरु कृषक तथा कृषि उद्यमीहरु समक्ष पुऱ्याई कृषि प्रसारका गतिविधिहरुलाई प्रभावकारी बनाउन बाञ्छनीय भएकाले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आपूर्तीकर्ता"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई कार्यक्रम संचालन गर्न आवश्यक उत्पादन सामाग्री लगाएतका सेवा आपुर्ति गर्ने इजाजत प्राप्त उत्पादक तथा वितरक संस्थालाई सम्झनु पर्दछ ।

(ख) **"आवेदक"** भन्नाले कार्यक्रममा प्रस्ताव पेश गरेका कार्यक्रम अनुसारका लक्षित समुह सम्झनु पर्छ ।

(ग) **"उत्पादन सामाग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, औषधि, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, कृषि औजार उपकरण, लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुलाई समेत बुझ्नु पर्छ ।

(घ) **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ङ) **"कृषि पूर्वाधार"** भन्नाले सार्वजनिक/सामुदायीक/निजी प्रयोजनका लागि निर्माण हुने कृषि बजार पूर्वाधार, नर्सरी स्थापना, संरक्षित संरचना, सिंचाई संरचना जस्ता कृषि उत्पादन, प्रशोधन र बजार सम्बन्धि विभिन्न पूर्वाधारलाई बुझ्नु पर्छ ।

(च) **"प्राङ्गारिक मल"** भन्नाले प्राणी वा वनस्पतिजन्य वा त्यस्तो दुवै प्रकारका सामाग्रीलाई पूर्ण रुपमा विघटन/डिकम्पोज गरी पोषकतत्व वृद्धि गर्न वा अन्य कुनै प्रयोजनका लागि रसायनिक श्रोतका सिन्थेटिक केमिकल नमिसाई धुलो, दानादार वा झोलको रुपमा बनाइएको बाली बिरुवाको पोषणको लागि प्रयोग गरिने कार्बनयुक्त पदार्थ सम्झनु पर्दछ ।

(छ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(झ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहत कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ञ) **"लाभग्राही"** भन्नाले कार्यक्रममा सहभागी हुनका लागि छनौट भएका लक्षित समुह सम्झनु पर्दछ ।

(ट) **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतका कार्यक्रमसँग सम्बन्धित कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(ठ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ड) **"साझेदार"** भन्नाले कार्यक्रम सञ्चालनको लागि कार्यक्रम बमोजिमको लागतमा साझेदारी गर्ने गरी छनौट भएका आवेदकहरु सम्झनु पर्छ ।

(ढ) **"सामुहिक खेती"** भन्नाले कृषि उपजहरुको उत्पादन, सेवा प्रवाह लगायतका कृषिजन्य क्रियाकलाप अधिकतम सामुहिक रुपमा हुने, लगानीको आधारमा सामुहिक रुपमा प्रतिफल बाँडफाँड गर्ने गरी संचालन हुने खेती व्यवस्था सम्झनु पर्दछ ।

(ण) **"स्थानीय तह"** भन्नाले प्रदेशमा रहेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमहरुको कार्यक्रम सञ्चालन प्रक्रिया

३. **सूचना प्रकाशनः** (१) कार्यक्रम संचालनको लागि निर्देशनालय/कार्यालयले २१ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । निर्देशनालय/कार्यालयले तोकिएको अनलाइन माध्यमबाट समेत प्रस्ताव पेश गर्ने गरी सूचना आह्वान गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा ७ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

४. **प्रस्ताव पेश गर्नेः** (१) निर्देशनालय/कार्यालयमा निवेदन र अनुसूची-४ बमोजिमको ढाँचामा आवेदकले प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्ताव पेश गर्दा आवेदकले सरकारी सुविधाको हिनामिना नगर्ने, सोही कार्यको लागि अन्य निकायबाट सुविधा नलिएको प्रतिबद्धता जनाउनु पर्नेछ ।

(२) कार्यक्रममा प्रस्ताव पेश गर्ने आवेदकले कम्तिमा कार्यविधिले तोके बमोजिमको क्लष्टरको मापदण्ड बमोजिमको क्षेत्रफलमा प्रस्तावित बाली/वस्तुको उत्पादन गर्नु पर्नेछ ।

५. **प्रस्ताव मूल्याङ्कनः** (१) निर्देशनालय/कार्यालयमा पेश हुन आएका प्रस्तावहरु मूल्याङ्कन गरी छनौट सिफारिस गर्न कार्यालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

क. निर्देशक/कार्यालयको प्रमुख वा निजले तोकेको बरिष्ठ अधिकृत/अधिकृत, निर्देशनालय/कार्यालय — संयोजक

ख. वरिष्ठ अधिकृत/अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय/कार्यालय — सदस्य



मानतीय प्रकाश श्रेष्ठ
मन्त्री

ग. योजना हेर्ने अधिकृत, निर्देशनालय/कार्यालय सदस्य

घ. प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय/कार्यालय सदस्य

ङ. प्रमुख, खरिद एकाई, निर्देशनालय/कार्यालय सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा तीन जना विषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले अनुसूची ९ बमोजिमको मूल्यांकनको मापदण्डमा आधारित रही प्राप्त प्रस्तावहरुको मुल्यांकन गर्ने छ ।

(४) समितिले कार्यक्रमको आवश्यकता बमोजिम अनुसूची ९ बमोजिमको मापदण्डहरुको सूचना प्रकाशन गर्नु पूर्व थप विस्तृतिकरण गर्न सक्नेछ ।

(५) आवश्यकता अनुसार मूल्याङ्कन समितिले स्थलगत अनुगमन गर्न सक्नेछ ।

६. <u>सम्झौता प्रक्रियाः</u> (१) छनौट भएका साझेदारलाई कम्तीमा ७ दिनको म्याद दिई सम्झौता गर्न आशयको सूचना दिनु पर्नेछ ।

(२) छनौट भएका साझेदारलाई आशयको सूचनाको म्याद समाप्त भए पछी कम्तीमा ७ दिनको म्याद दिई सम्झौताको लागि सूचित गर्नु पर्नेछ ।

(३) आवेदकले पेश गरेको क्रियाकलाप र कार्य योजना निर्देशनालय/कार्यालयले आवश्यकता र औचित्यताका आधारमा संशोधन गरी अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ। सम्झौता गर्नु अघि साझेदारले अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नु पर्नेछ।

(४) निर्देशनालय/कार्यालयबाट सम्पादन गरिने कार्यक्रमको हकमा सम्झौता गर्नका लागि निर्देशनालय/कार्यालयले उपलब्ध गराएको धरौटी खाता/विविध खर्च खातामा कार्यक्रम अन्तरगत साझेदारले व्यहोर्नु पर्ने रकम जम्मा गरेको सक्कल भौचरका साथ आउनु पर्नेछ ।

(५) समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमशः वैकल्पिक प्राथमिकतामा रहेका आवेदकहरुसँग सम्झौता गर्न सकिनेछ।

## परिच्छेद-३

## <u>कृषि व्यवसाय प्रबर्द्धन अन्तरगतका कार्यक्रम र सञ्चालनका प्राविधिक पक्ष</u>

### ७. विभिन्न बाली/वस्तुहरुको प्रबर्द्धन कार्यक्रम

**(१) परिचयः** जिल्लाका प्राथमिकता अनुसारका बाली/वस्तुहरुमा व्यवसायिकीकरण र आधुनिकीकरण मार्फत स्थानीय मागको पूर्ती र समग्र प्रदेशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन प्रदेशभरका सबै जिल्लाहरुमा निश्चित क्लष्टरहरु छनौट गरी एकिकृत रुपमा यस कार्यक्रम संचालन गरिनेछ । गुणस्तरीय तरकारी बिउ/बेर्ना तथा नश्लको प्रयोग, उन्नत प्रविधिको प्रयोग, आवश्यक कृषि पूर्वाधार निर्माण तथा सुदृढीकरण र उत्पादित वस्तुको विविधिकरण मार्फत कृषि व्यवसायलाई व्यवसायिक र नाफामुखी बनाई कृषि उपजहरुको आयात प्रतिस्थापन तथा



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

निर्यात प्रबर्द्धनमा सघाउ पुऱ्याउँदै कृषकको आयस्तरमा सुधार गर्न यस कार्यक्रमले सहयोग गर्नेछ ।

**(२) लक्षित समूहः** कृषक समुह, कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फर्म/कृषि कम्पनीहरु ।

**(३) संचालन गरिने प्रमुख क्रियाकलापहरुः** यस कार्यक्रम अन्तर्गत खाद्यान्न, दलहन, तेलहन, रैथाने बाली, फलफूल, चिया, कफी, तरकारी बाली, मसलाबाली, मौरी, च्याउ, रेशम, लाहा लगायतका स्वीकृत कार्यक्रममा तोकिएका बालीहरुको प्रवर्द्धन हुने कार्यक्रम संचालन गर्न सकिनेछ । कृषि जन्य बाली वस्तुहरुको प्रवर्द्धनका लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

क. बीउ, बेर्ना, मल, विषादी, सुक्ष्म खाद्य तत्व लगायतका उत्पादन सामाग्री सहयोग

ख. सिंचाई संरचना निर्माण, मर्मत सुधार तथा सिंचाईका लागि आवश्यक सामाग्री खरिद

ग. तरकारी, च्याउ तथा पुष्प खेती तथा नर्सरी व्यवसायका लागि संरक्षित संरचना लगायतका पूर्वाधार निर्माण

घ. बाली/वस्तु उत्पादनमा आवश्यक यन्त्र उपकरण तथा नविनतम प्रविधि अबलम्वनमा सहयोग

ङ बाली/वस्तु अनुसार आवश्यक कृषि पूर्वाधार निर्माणमा सहयोग

च. उत्पादनोपरान्त प्रविधिः भण्डारण, प्रशोधन तथा बजारीकरण सहयोग

छ. प्राविधिक सहयोग

ज. अभिमुखीकरण तालिम आदि ।

**(४) आधारभुत मापदण्ड**

४.१ कार्यक्रम क्लष्टर :

क. कार्यक्रम अनुसूची ६ बमोजिमको न्युनतम क्षेत्रफल भएको क्लष्टरमा संचालन गरिनेछ ।

ख. क्लष्टरमा कार्यक्रम संचालन गर्दा कृषक समूह वा सहकारीको हकमा प्रति सदस्य कृषक खाद्यान्न, दलहन, तेलहन, आलु, बालीको हकमा २ रोपनी हुने गरी, रैथाने बाली, तरकारी, मसलाबाली, फलफूल, कफी बालीको हकमा कम्तिमा १ रोपनी हुने गरी र चिया खेतीको हकमा कम्तीमा ४ रोपनी हुने गरी प्रति समूह वा सहकारीबाट कम्तिमा अनुसूची ६ बमोजिमको क्लष्टर बराबरको क्षेत्रफल पुगेको हुने गरी संचालन गर्नुपर्ने छ ।

ग. मौरीपालन क्लष्टर निर्माण गर्दा कृषक समुह वा सहकारीको हकमा प्रति सदस्य सेराना मौरीको हकमा कम्तीमा ५ घार र मेलिफेरा मौरीको हकमा कम्तीमा १० घार मौरीपालन भएको वा हुने गरी अनुसूची ६ बमोजिमको क्लष्टर बराबर संख्या भएको वा हुने गरी संचालन गर्नु पर्नेछ ।

घ. क्लष्टरको छनौट गर्दा सम्भव भएसम्म एकै रोड कोरिडोर समेट्ने क्षेत्र, नजिकको दुरीमा बजार भएको क्षेत्र छनौट गर्नु पर्नेछ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

४.२. खाद्यान्न, दलहन, तेलहन बाली :

खाद्यान्न, दलहन, तेलहन मात्र उत्पादन हुने क्षेत्रलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्नु पर्नेछ ।

४.३ तरकारी खेती :

क. संरक्षित संरचना निर्माण गरी उच्च मूल्य तरकारी उत्पादनका लागि आवश्यक जनशक्ति तथा प्राविधिक ज्ञानको व्यवस्था भएको हुनु पर्नेछ ।

ख. संरक्षित संरचना निर्माण गरी तरकारी खेती गर्दा संरक्षित संरचनाको न्युनतम क्षेत्रफल १ रोपनी हुनु पर्नेछ । संरक्षित संरचना निर्माण गर्दा हाइटेक ग्रिनहाउस, नेचुरल्ली भेन्टिलेटेड ग्रिनहाउस, एग्रि नेटहाउस, जि.आइ., फलाम/बाँस प्रयोग गरी बनाइएको प्लाष्टिक घर निर्माण गर्न सकिनेछ । संरक्षित संरचनाको न्युनतम स्पेसिफिकेसन अनुसूची ७ बमोजिम हुनेछ ।

४.४ फलफूल खेती :

क. फलफूल खेतीको हकमा प्रयोग गरिने बिरुवा सम्बन्धित कार्यालयको सिफारिसमा आधिकारिक स्रोतबाट खरिद गरिएको हुनु पर्नेछ ।

ख. नयाँ बगैंचा स्थापना र बिस्तार गर्ने क्षेत्रफलको भौगोलिक अवस्था र हावापानी सम्बन्धित फलफूल बालीका लागि उपयुक्त हुनु पर्नेछ ।

ग. किवी फलका लागि प्रयोग गरिने थाँक्राको हकमा कंक्रिट थाँक्रा निर्माण गर्ने भएमा Reinforced Concrete Cement (RCC) को हुनु पर्ने, ८ मि.मि. को कम्तिमा ४ वटा रडहरु प्रयोग गरिएको, कम्तिमा ८ फिट उचाई र ४x४ इन्च चौडाई भएको, सिमेन्ट, बालुवा र एग्रिगेट्सको अनुपात १:१.५:३ हुने गरी निर्माण गर्नु पर्ने र होरिज़ेन्टल बार कम्तीमा १.५ इन्चको हुनु पर्ने र जि.आइ. तारको मोटाई कम्तीमा १० SWG हुनु पर्नेछ भने किवी फलमा एम. एस. वा जि. आइ. को टि बारको हकमा कम्तीमा ८ फिट उचाई भएको २ मि.मि. मोटाई र ४० मि.मि. मोटाई भएको र जि.आइ. तारको मोटाई कम्तीमा १० SWG हुनु पर्नेछ ।

ग. ड्रागन फ्रुटका लागि प्रयोग गरिने थाँक्राको हकमा कंक्रिट थाँक्रा Reinforced Concrete Cement (RCC) को हुनु पर्ने, ८ मि.मि. को कम्तिमा ४ वटा रडहरु प्रयोग गरिएको, कम्तिमा ७ फिट उचाई र ४x४ इन्च चौडाई भएको, सिमेन्ट, बालुवा र एग्रिगेट्सको अनुपात १:१.५:३ हुने गरी निर्माण गर्नु पर्नेछ ।

४.५ मसलाबाली :

क. अलैंची खेतीका लागि पर्याप्त सिंचाई सुविधा वा स्रोत उपलब्ध भएको क्षेत्र छनौट गर्नु पर्नेछ भने नयाँ बगान स्थापना गरिने क्षेत्रमा उचित छहारी व्यवस्थापन भएको हुनु पर्नेछ ।

ख. लसुन खेती प्रबर्द्धन कार्यक्रम समुद्र सतह देखी १५०० मिटर भन्दा बढी उचाई भएका क्षेत्रहरुमा संचालन गरिनेछ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

४.६ चिया/कफीः चिया/कफी खेती कार्यक्रम संचालन गर्दा राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट तोकिएको प्रदेश भित्रका सम्भाव्य क्षेत्रलाई प्राथमिकता दिई संचालन गरिनेछ ।

क. कफी खेतीको हकमा प्राङ्गारिक कफी खेतीलाई विशेष प्राथमिकता दिइने हुनाले प्राङ्गारिक कफी खेती गर्ने आधारहरु पर्याप्त हुनु पर्नेछ ।

ख. सिफारिस गरिएको क्षेत्रमा कफी खेती गर्दा कफी बिरुवा रोप्नु पूर्व नै छहारी व्यवस्थापन गरी सकेको हुनु पर्नेछ ।

४.७ च्याउ खेती :

क. सिताके च्याउ खेती गर्दा समुद्र सहत देखि १००० मिटर भन्दा माथिको क्षेत्रमा गर्नु पर्नेछ ।

ख. सिताके च्याउ खेती गरिने काठको मुडाको आकार न्युनतम ४ इन्च व्यास भएको र ३ फिट लम्बाई भएको हुनु पर्नेछ ।

४.८ मौरी पालन :

क. सेराना मौरीको हकमा मौसम अनुसार पर्याप्त चरनको उपलब्धता भएको क्षेत्र हुनु पर्नेछ भने मेलिफेरा मौरीपालनको हकमा चरन पात्रो, चरन व्यवस्थापनको उचित ज्ञान/योजना हुनु पर्नेछ ।

ख. व्यवसायिक मौरीपालनका लागि मौरीपालन सम्बन्धि आधारभुत तालिम लिएको हुनु पर्नेछ ।

४.९ रेशम खेतीः

क. रेशम खेतीको हकमा कार्यक्रम निजी फर्मको हकमा ५ बाकस र कृषक समुह वा सहकारीको हकमा प्रति सदस्य कम्तीमा १ बाकस कीरापालन गर्ने गरी संचालन गर्नु पर्नेछ ।

क. व्यवसायिक रेशम खेतीका लागि किम्बु बगैंचाको स्थापना गरी सकेको हुनु पर्नेछ ।

ख. व्यवसायिक रेशम खेतीका लागि रेशम खेती सम्बन्धि आधारभुत तालिम लिएको हुनु पर्नेछ ।

ग. रेशम मूल्य शृंखलाका कोया उत्पादन देखि धागो उत्पादन सम्मका मूल्य शृंखलाका सम्पूर्ण गतिविधिहरु एकिकृत रुपमा संचालनका लागि प्रथमिकता दिनु पर्नेछ ।

**८. कौसीखेती प्रबर्द्धन कार्यक्रम**

**(१) परिचयः** शहरी क्षेत्रका बासिन्दाहरुमा खेती गर्ने जमिन अभाव तथा पेशागत व्यस्तताका कारणले सबै प्रकारका दैनिक उपभोग्य कृषि वस्तुहरु बजारबाट किनेर खानु पर्ने बाध्यता रहेको छ । शहरी आम उपभोक्ताहरु ताजा तरकारीका लागि पूर्ण रुपमा परनिर्भर रहेको र शहरमा आपूर्ती हुने तरकारीको व्यवसायिक उत्पादनमा उच्च दरमा रसायनिक विषादी तथा अन्य रसायनहरु प्रयोग हुने भएको कारण उनीहरु ताजा र स्वस्थ तरकारीको उपभोगबाट बन्चित समेत भएका छन् । यस परिप्रेक्ष्यमा कृषि क्षेत्रमा उपलब्ध नविनतम प्रविधिको प्रयोग गरी स्वयं उपभोक्ताहरुलाई नै ताजा तरकारी उत्पादनमा संलग्न गराउनका लागि कौशी खेती प्रबर्द्धन कार्यक्रम संचालन गर्न आवश्यक देखिएको छ ।



माननीय प्रभारी ... मन्त्री

(२) **लक्षित समुहः** शहरी क्षेत्र भित्रका कौशी खेती गर्न इच्छुक कृषक समुह, कृषि कार्यमा संलग्न सहकारी, टोल विकास संस्था, निजी फर्म,

**(३) संचालन गरिने प्रमुख क्रियाकलापहरु**

क. बीउ, बेर्ना, मल, कोकोपिट लगायतका मेडिया, विषादी, सुक्ष्म खाद्य तत्व लगायतका उत्पादन सामाग्री सहयोग

ख. ग्रो ब्याग, गमला वा स्पाइरोफर्म बाकस, कम्पोष्ट मल बनाउनका लागि ड्रम, जैविक विघटक सुक्ष्म जिवाणु आदि सामाग्री सहयोग

ग. थोपा सिंचाईका लागि आवश्यक सामाग्रीहरु

घ. साना हाते औजारहरु, स्प्रेयर

ङ. Rain shelter, हाइड्रोपोनिक्स लगायत नविनतम प्रविधि र संरचना निर्माण

च. प्राविधिक सहयोग

छ. अभिमुखीकरण तालिम आदि ।

**(४) आधारभुत मापदण्ड**

क. कौसीखेती गर्न ईच्छुक नजिकका वा छिमेकका न्यूनतम २५ घरधुरीहरु मिली वडामा एउटै क्लाष्टर हुने गरी निवेदन दिनुपर्नेछ ।

**९. संरक्षित संरचनामा तरकारी, पुष्प तथा उच्च मूल्य बाली प्रवर्द्धन कार्यक्रम**

**(१) परिचयः** तरकारी, पुष्प तथा उच्च मूल्य बालीको प्रतिकूल मौसममा उत्पादन, शत्रुजीवहरुबाट संरक्षण गरी विषादीको उपयोगमा कमी, मल तथा पानीको नियन्त्रित प्रयोग र अधिक्तम उपयोग गरी आधुनिक प्रविधिमा परिणत गर्दै उत्पादन र उत्पादकत्व बढाउन यस कार्यक्रम संचालन गरिनेछ ।

**(२) लक्षित समुहः** कृषक समुह, कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फर्महरु ।

**(३) संचालन गरिने प्रमुख क्रियाकलापहरु**

क) यस कार्यक्रम अन्तरगत संरचना अन्तर्गत प्लाष्टिक प्रयोग गरिएका नेचुरल्ली भेन्टिलेटेड ग्रिनहाउस, हाइटेक ग्रिनहाउस, एग्रि नेटहाउस साथै जि.आइ., फलाम/बाँस प्रयोग गरी बनाइएको प्लाष्टिक घर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

**(४) आधारभुत मापदण्डः**

क) संरक्षित संरचनाको न्यूनतम कूल क्षेत्रफल १८० वर्ग मिटर हुनुपर्नेछ

ख) संरक्षित संरचनाको न्यूनतम स्पेसिफिकेसन अनुसूची ७ बमोजिम हुनेछ ।

**१०. स्मार्ट एग्रिकल्चर प्रविधि अवलम्बन कार्यक्रमः**

**(१) परिचयः** कृषि र सूचना प्रविधिको क्षेत्रमा विकास भएका नविनतम प्रविधि तथा अवधारणाहरुको प्रयोग गरी कृषि क्षेत्रको आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि यस कार्यक्रम संचालन गरिनेछ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

**(२) लक्षित समुहः** व्यवसायिक तरकारी उत्पादन कार्यमा संलग्न निजी कृषि फर्महरु।

**(३) संचालन गरिने प्रमुख क्रियाकलापहरु**

क. स्मार्ट नर्सरीः स्वस्थ बेर्ना उत्पादनका लागि पोलीहाउस निर्माण गरी पोलिहाउस भित्र तापक्रम र आद्रता अनुकुल बनाउन उपकरण जडान, सिंचाईका लागि फगर लगायतका संरचना जडान ।

ख. संरक्षित संरचनामा तरकारी खेतीः अटोमेटेड हाइटेक ग्रिनहाउस निर्माण, भर्टिकल फार्मिङ, हाइड्रोपोनिक्स, एरोपोनिक्स प्रविधिको प्रयोग ।

ग. स्मार्ट सिंचाईः थोपा सिंचाई, बुम सिंचाई, स्पिङ्कलर सिंचाई जस्ता माइक्रो इरिगेसन प्रविधि जडान, माटोको चिस्यान र मौसम अवस्थाहरुको आधारमा सेन्सर र नियन्त्रकहरुको प्रयोग गरी सिंचाइमा तालिका बनाउने ।

घ. स्मार्ट बाली संरक्षणः कीरा नियन्त्रण प्रणाली जडान, कीरा नियन्त्रणको लागि प्राकृतिक शिकारी वा जैविक कीटनाशकहरुको प्रयोग ।

ङ. स्मार्ट बाली पोषणः बिरुवाका लागि खाद्य तत्वहरुको उपयोगिता बढाइ बालीको उत्पादन बढाउन फ़र्टिगेसन प्रणाली को जडान, सेन्सर को प्रयोग गरि फ़र्टिगेसन लाई अटोमेसन मा लैजान सकिने ।

च. स्वचालित मेसिनरी र रोबोटिक्सः बाली, माटो र मौसमको जानकारी र त्यसलाई बालीको उत्पादनका लागि अनुकुल बनाउन जडान गरिएका कन्ट्रोलर, विभिन्न सेन्सर र मेसिन प्रयोग गरी मल र पानी दिन स्वचालित प्रणालीको जडान, क्लाउड कम्प्युटिङबाट सङ्कलन गरिएको डाटाको भण्डारण र विश्लेषण, बालीको स्वास्थ्य निगरानी गर्न, रोगहरू पत्ता लगाउन, र उत्पादन क्षमताको मूल्याङ्कन गर्न हवाई इमेजिङको लागि ड्रोनको प्रयोग ।

**(४) आधारभुत मापदण्डः**

क. खुला जमिनमा तरकारी खेतीको हकमा न्युनतम ३ रोपनी र संरक्षित संरचनामा तरकारी खेतीको हकमा न्युनतम १८० वर्ग मिटरको संरचनामा खेती गरिएको हुनु पर्नेछ ।

**११. साना सिंचाई निर्माण कार्यक्रम:**

**(१) परिचयः** साना सिंचाई संरचनाहरुको निर्माण तथा मर्मत सम्भार गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधाको व्यवस्थापन तथा विस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्त्व वृद्धि गर्न यस कार्यक्रम संचालन गरिनेछ।

**(२) लक्षित समुहः** कृषक समुह, कृषि उत्पादनमा संलग्न सहकारी, निजी कृषि फर्महरु।

**(३) संचालन गरिने प्रमुख क्रियाकलापहरु**

क. बढीमा २५ हेक्टर सम्म सिंचाई सुविधा दिने कुलो निर्माण एवं मर्मत सम्भार, एच.डी.पी.ई पाइप, स्यालो बोरिङ्ग, इनार निर्माण, पानी तान्ने पम्प, थोपा सिंचाई स्प्रिङ्कलर सिंचाई जस्ता सुक्ष्म सिंचाई, प्लाष्टिक पोखरी निर्माण, सिमेन्ट पोखरी निर्माण आदि कार्यक्रम संचालन गरिनेछ ।

**(४) आधारभुत मापदण्डः**

क. प्लाष्टिक पोखरी निर्माणको हकमा २५० GSM को प्लाष्टिक प्रयोग गर्नुपर्नेछ



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

ख. पोखरी निर्माण गर्दा कम्तिमा ३०,००० लिटर पानी अट्ने क्षमताको हुनुपर्नेछ

ग. सिंचाई कुलोले कम्तिमा १५ घरधुरी लाभान्वित भएको हुनु पर्नेछ

घ. स्यालो बोरिङको हकमा कम्तीमा १ हेक्टर कमाण्ड क्षेत्र हुनु पर्नेछ ।

१२. <u>वातावरण अनुकुलित व्यवसायिक च्याउ खेती प्रवर्द्धन कार्यक्रमः</u>

**(१) परिचयः** नेपालमा खेती गरिने विभिन्न जातका च्याउहरु मध्ये गोब्रे च्याउ तथा अन्य उच्च मूल्य प्रजातीका च्याउहरुको उत्पादनका लागि वातावरण अनुकुलित संरचना निर्माण मार्फत बर्षैभरी च्याउ उत्पादन गरी आयात प्रबर्द्धनका गर्नुका साथै रोजगारी प्रबर्द्धन गरी कृषकको आयस्तरमा सुधार गर्नका लागि यस कार्यक्रम संचालन गरिनेछ ।

**(२) लक्षित समुहः** कृषक समुह, कृषि उत्पादनमा संलग्न सहकारी, निजी कृषि फर्महरु ।

**(३) संचालन गरिने प्रमुख क्रियाकलापहरुः**

क. च्याउ खेतीका लागि वातावरण अनुकुलन गर्न उपयुक्त संरचनाको निर्माण

ख. निर्माण भएको वा निर्मित संरचनामा तापक्रम, सापेक्षिक आद्रता, हावाको संचार लगायतलाई च्याउ खेतीका लागि अनुकुलित बनाउन आवश्यक पर्ने मेशिनरीहरु जडान

**(४) आधारभुत मापदण्डः**

क. च्याउ खेती गरिने संरचना वातावरण अनुकुलित हुने प्रविधि वा उपकरणको प्रयोग गर्न उपयुक्त हुने हुनु पर्दछ ।

१३. <u>च्याउको क्यानिङ उद्योग स्थापना कार्यक्रमः</u>

**(१) परिचयः** बागमती प्रदेशमा उत्पादन हुने गोब्रे च्याउलाई क्यानिङ गरी बजार माग बमोजिम आपुर्ती गर्नका लागि यस कार्यक्रम संचालन गरिनेछ । च्याउको क्यानिङ उद्योग स्थापनाबाट बट्टा बन्द अवस्थामा आयात हुने गोब्रे च्याउको आयात प्रतिस्थापन भई व्यवसायिक गोब्रे च्याउ खेतीको प्रबर्द्धनमा समेत सघाउ पुग्नेछ ।

**(२) लक्षित समुहः** कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फर्महरु ।

**(३) संचालन गरिने प्रमुख क्रियाकलापहरुः**

क. गोब्रे च्याउको क्यानिङ उद्योग स्थापनाका लागि आवश्यक संरचना निर्माण

ख. उद्योगका लागि आवश्यक मेशिनरी औजार खरिद आदि ।

**(४) आधारभुत मापदण्डः**

क. गोब्रे च्याउको क्यानिङका लागि स्थापना गर्न चाहने साझेदारले पर्याप्त आफ्नै कच्चा पदार्थ वा च्याउ उत्पादक कृषकहरुसँग सम्झौता पेश गर्नु पर्नेछ ।

१४. <u>नेपाल मौरीपालक महासंघको सहकार्यमा मह संकलन केन्द्र स्थापना कार्यक्रमः</u>

**(१) परिचयः** महको उत्पादन तथा बजार प्रबर्द्धनका लागि व्यवस्थित किसिमको संकलन केन्द्र निर्माणका लागि यस कार्यक्रम संचालन गरिनेछ ।

**(२) लक्षित समुहः** नेपाल मौरीपालक महासंघ



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

**(३) संचालन गरिने प्रमुख क्रियाकलापहरुः**

क. मह संकलनका लागि संकलन केन्द्रका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण

ख. मह संकलन केन्द्रमा भण्डारण तथा प्रशोधनका लागि आवश्यक मेशिनरी तथा औजार खरिद तथा जडान ।

**(४) आधारभुत मापदण्डः**

क. संकलन केन्द्र निर्माणका लागि न्युनतम १.५ कठ्ठा जमिन आवश्यक पर्नेछ ।

ख. संकलन केन्द्र निर्माणका लागि आवश्यक पर्ने जग्गा नेपाल मौरीपालक महासंघ आफ्नै नाममा वा २० बर्षका लागि लिजमा लिइएको हुनु पर्नेछ ।

**१५. सामुहिक खेती कार्यक्रममा सहयोग**

**(१) परिचयः** उपलब्ध जमिनको अधिकतम उपयोगका लागि जमिनको चक्लाबन्दी गरी उन्नत प्रविधि अवलम्बन गर्दै कृषि क्षेत्रलाई आधुनिक, प्रतिस्पर्धी र व्यवसायिक बनाउन यस कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(२) लक्षित समुहः "सामूहिक खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" अनुसार छनौट भएका वा सामुहिक खेती गर्ने उद्देश्यका साथ गठन गरिएका कृषक समुह वा कृषि कार्यमा संलग्न सहकारी

**(३) संचालन हुने प्रमुख क्रियाकलापहरु र संचालन प्रक्रियाः** "सामूहिक खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" अनुसार छनौट भई जिल्लामा संचालनमा रहेका र दफा ५ बमोजिम छनौट भएका सामूहिक खेती गर्ने साझेदार र कार्यालय बीच आपसी समझदारीमा क्रियाकलाप तय गरी कार्यक्रम कार्यान्वयन गरिने छ । साझेदार र कार्यालयले तोकेको प्राविधिकले कार्यक्रम तथा क्रियाकलाप तयार गरी कार्यालयबाट स्वीकृत गराई देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

क. सामुहिक खेतीको मर्म अनुरूप खण्डिकृत जमीनलाई एकीकृत गर्ने (Land pooling) कार्य

ख. बीउ, बेर्ना, मल, विषादी, सुक्ष्म खाद्य तत्व लगायतका उत्पादन सामाग्री सहयोग

ग. बगैंचा स्थापना तथा व्यवस्थापन सहयोग

घ. सिंचाई संरचना निर्माण तथा मर्मत सुधार

ङ. उत्पादनसँग सम्बन्धि पूर्वाधार निर्माणमा सहयोग

च. यन्त्र उपकरण खरिद तथा मर्मत सुधार

छ. नविनतम प्रविधि अवलम्बनमा सहयोग

ज. उत्पादनोपरान्त प्रविधिः भण्डारण, प्रशोधन तथा बजारीकरण सहयोग

झ. अभिमुखीकरण तालिम, उन्नत प्रविधि प्रदर्शन आदि ।

ञ. सामुहिक खेती प्रबर्धनको लागि आवश्यक पर्ने प्राविधिक तथा अन्य परामर्श सेवा

**१६. भकारो/गोठेमल सुधार कार्यक्रम**



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

**(१) परिचयः** बोट बिरुवालाई आवश्यक पर्ने खाद्य तत्वको पूर्ती गर्न प्राङ्गारिक र रासायनिक मलको प्रयोग गर्न सकिने भए तापनि नेपालमा रसायनिक मलको उपलब्धताका लागि आयातमा भर पर्नु पर्ने भएकोले कृषकहरुका लागि समयमा रसायनिक मल उपलब्ध हुन नसक्नुका साथै रसायनिक मलको जथाभावी र बढ्दो प्रयोगले माटोको उर्बराशक्तिलाई दीगो रुपमा कायम राख्न कठीनाई भएको छ । पशु वस्तुको गोबर र मुत्रबाट तयार हुने मल नेपालमा प्रयोग गरिने मुख्य प्राङ्गारिक मल हो । रसायनिक मलको प्रयोगलाई न्युनिकरण गरी दीगो भु-व्यवस्थापन गर्न स्थानीय स्तरमा उपलब्ध हुने गोठेमलको उचित व्यवस्थापन तथा गुणस्तरमा सुधार गर्न सकिएमा मलको परनिर्भतामा कम गर्न सकिन्छ। पशु वस्तुको मल मुत्रमा पाइने खाद्य तत्वलाई बचाउन र गुणस्तरमा वृद्धि गर्न भकारो सुधार गरी माटोको उर्बराशक्ति व्यवस्थापन तथा बालीको उत्पादनमा समेत वृद्धि ल्याउन यो कार्यक्रम संचालन गरिएको छ ।

**(२) लक्षित समुहः** व्यवसायिक रुपमा खेती गरिरहेका एउटै क्लष्टरमा कम्ती १० वटा भकारो सुधार गर्न इच्छुक कृषक समुह वा कृषि उत्पादनमा संलग्न सहकारी ।

**(३) संचालन हुने प्रमुख क्रियाकलापहरुः**

क. गोठको भुँई ढलान गरी मुत्र संकलनलाई प्रभावकारी बनाउने

ख. मुत्र संकलन गर्न बनाईएको नाली गोठको छानोको बलेसी भन्दा भित्र हुने गरी निर्माण गर्ने

ग. गोबर र मुत्र नै गोठे मलका प्राथमिक स्रोत भएकाले यिनको संरक्षणको लागि ध्यान दिनुपर्दछ। गोबर मात्र होइन मुत्र पनि जोगाउनुपर्दछ। मुत्र सङ्कलनका लागि गोठको भुईं नचुहिने किसिमले राम्रो व्यवस्था हुनुपर्दछ ।

घ. गाई वस्तुको मुत्र पूर्णरूपले सदुपयोग गर्नका लागि भकारोको नजिक मुत्र सङ्कलन गर्ने सानो खाडल वा टङ्की बनाई कुलेसोद्वारा मुत्र सङ्कलन हुने गरी व्यवस्था गर्नुपर्दछ ।

ङ. मल राख्न खाडल खन्न नमिल्ने अवस्थामा मललाई जमिनमै थुपारेर राख्न सकिन्छ। यस्तो अवस्थामा मलको वरिपरी ढुङ्गाको पर्खाल वा काठपात र स्याउलाले बार्न पनि सकिन्छ । यसो गर्दा मललाई घाम पानीबाट जोगाउन सकिन्छ ।

च. घाम पानीबाट मललाई जोगाउन मल जम्मा गर्ने भकारोलाई छानोको व्यवस्था गर्नुपर्दछ ।

छ. खाडल या थुप्रोमा पानी अथवा भल पस्न दिनु हुँदैन ।

ज. मुत्र संकलनका लागि कम्तिमा २०० लि. को कंक्रिट टयाङ्की वा पोलि टयाङ्कीको प्रयोग गर्ने र उक्त टयाङ्कीलाई छोप्ने व्यवस्था गर्ने

झ. गोठेमललाई घाम, वर्षातको पानी र भेल बाट जोगाउन भकारोको छाना निर्माण वा स्तरन्नोति एवं पर्खाल निर्माण गर्ने (आवश्यकता अनुसार)

**(४) आधारभुत मापदण्डः**



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

क. यो कार्यक्रम माटोमा प्राङ्गारिक पदार्थ कम भई सो को प्रवर्द्धन गर्न आवश्यक स्थान र पशु वस्तुको पालन सम्भाव्य क्षेत्र पहिचान गरी १० वा सो भन्दा बढी सङ्ख्यामा भकारो सुधार कार्यक्रम सञ्चालन गर्न सक्ने गरी क्लस्टरमा सञ्चालन गर्नुपर्दछ ।

ख. भकारो सुधार कार्यक्रम सञ्चालनका लागि कम्तीमा २ वटा पशु वस्तु पालेको हुनुपर्ने र गोठको आकार कम्तीमा पनि ७ वर्ग मिटरको हुनुपर्दछ ।

**१७. गोठेमल सुधारका लागि कम्पोस्ट पिट र मेशिनरी सहयोग कार्यक्रम**

**(१) परिचयः** पशु वस्तुको मल मुत्रमा पाइने खाद्य तत्वलाई बचाई गुणस्तरमा वृद्धिका साथै मेशनरीको प्रयोग गरी गोठेमललाई कम तौलमा उपलब्ध गराउन यस कार्यक्रम संचालन गरिनेछ ।

**(२) लक्षित समुहः** व्यवसायिक रुपमा गाई भैंसीपालन गर्ने निजी कृषि फर्महरु

**(३) संचालन हुने प्रमुख क्रियाकलापहरुः** यस कार्यक्रम अन्तरगत गोठेमलको गुणस्तर सुधार गर्नका लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

क. कम्पोस्ट पिट निर्माण

ख. गोठ सुधार

ग. मेशिनरी सहयोग

घ. विघटक सुक्ष्म जिवाणु सहयोग

**(४) आधारभुत मापदण्डः** यस कार्यक्रमको लागि कम्तीमा १० माउ गाइ तथा भैंसी पालन गरेको हुनु पर्नेछ ।

## परिच्छेद- ४

## कृषि प्रसारसँग सम्बन्धित कार्यक्रमहरु र संचालन प्रकृया

**१८. नविनतम प्रविधि प्रदर्शनः**

**(१) परिचयः** बाली विशेष अपनाउनुपर्ने विशेष प्रविधिहरूको प्रयोगको उपयुक्तता देखाई कृषकहरूलाई उक्त बाली प्रविधितर्फ आकृष्ट गराउन, कृषकहरुलाई उन्नत प्रविधि वारे ज्ञान उपलब्ध गराउन, सिफारिस गरिएका प्रविधिबारे कृषकहरुलाई विश्वास र चाख उत्पन्न गराई प्रविधि ग्रहण गर्न लगाउन यो कार्यक्रम संचालन गरिनेछ। नयाँ प्रविधि र पुरानो प्रविधिको तुलनात्मक परिणामबाट कुनै नयाँ प्रविधिको महत्त्व सिद्ध गरी कृषकहरूलाई त्यस प्रति आकर्षित गराउनका लागि नतिजा प्रदर्शनी र प्रसार कार्यकर्ता, अगुवा कृषकहरुद्वारा समुहमा उन्नत कृषि प्रविधि, ज्ञान र सीपहरु प्रयोग गर्न क्रमबद्ध रुपममा उत्पादन प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ।

**(२) लक्षित समुहः** नविनतम प्रविधि अबलम्बन गर्न इच्छुक कृषक समुह, कृषि उत्पादनमा संलग्न सहकारी ।

**(३) कार्यक्रमको प्राविधिक पक्ष र संचालन प्रक्रियाः**



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

क. कार्यक्रम संचालनका लागि कार्यालयले प्रदर्शन स्थल छनौट गरी कार्यक्रम संचालन गर्नेछ। प्रदर्शनस्थल छनौट कार्य स्थानीय तहसँग छलफल गरी तय गर्न सकिने छ । यसरी प्रदर्शनस्थल छनौट गर्दा एकैखालको प्रदर्शन एउटा वडामा बढीमा एउटा मात्र पर्ने गरी छनौट गर्नु पर्नेछ ।

ख. नविनतम प्रदर्शनी अन्तर्गत अभिमुखीकरण, बीउ, मल, विषादी, सुक्ष्म खाद्य तत्व, यन्त्र उपकरण तथा नविनतम प्रविधि अबलम्वनका लागि आवश्यक सामग्री तथा प्रविधि, प्राविधिक सहयोग लगायत अन्य नतिजा, उत्पादन तथा तरिका प्रदर्शनीसँग सम्बन्धित आवश्यक कार्यक्रम समेट्न सकिनेछ ।

ग. प्रविधि प्रदर्शनको नतिजा प्रचार प्रसार सामाग्री प्रकाशन, प्राविधिकहरुको स्थलगत अवलोकन निरीक्षणलाई कार्यक्रममा समावेश गर्न सकिनेछ ।

ग. कार्यक्रम सञ्चालनको बखत कार्यक्रमको विवरण उल्लेखित सूचना पाटि राख्नुपर्दछ ।

**(४) न्यूनतम मापदण्डः**

क. खुला जमिनमा तरकारी बालीका लागि कम्तीमा २ रोपनी, फलफूल बालीका लागि कम्तीमा ४ रोपनी, संरक्षित संरचनामा तरकारी खेतीका लागि कम्तीमा १८० वर्ग मिटर, खाद्यान्न बालीका लागि कम्तीमा ५ रोपनी क्षेत्रफलमा प्रदर्शनी कार्यक्रम संचलन गरिनेछ ।

**१९. फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम**

**(१) परिचयः** व्यवस्थापनमा कमीका कारणले बर्षेनी ह्रास हुँदै गइरहेका फलफूलका बगैंचाहरुमा व्यवस्थापकीय सुधार गरी उत्पादकत्व वृद्धि गर्न तथा गुणस्तरीय फल उत्पादनमा प्राविधिक सेवा टेवा उपलब्ध गराई कृषकको आयस्तरमा सुधार गर्नका लागि व्यवसायिक स्तरमा स्थापना भएका फलफूल बगैंचाहरुको सुदृढीकरण कार्यक्रम संचालन गरिनेछ।

**(२) लक्षित समुहः** समस्याग्रस्त फलफूल बगैंचा धनी कृषक, कृषक समुह, कृषि उत्पादन कार्यमा संलग्न सहकारी, निजी फर्म ।

**(३) कार्यक्रमको प्राविधिक पक्ष र संचालन प्रक्रियाः**

क. कार्यक्रम समस्याग्रस्त, उत्पादन ह्रास हुँदै गईरहका पुराना फलफूलका बगैंचाहरुमा संचालन हुनेछ ।

ख. यस कार्यक्रम संचालनका लागि कार्यालयले दोस्रो त्रैमासिक अवधिभरका लागि सूचना प्रकाशन गर्नेछ ।

ग. समस्याग्रस्त फलफूल बगैंचा धनी कृषक, कृषक समुह, सहकारी, निजी फर्महरुले समस्याग्रस्त बगैंचाको विवरण खुलेको स्थानीय तहको सिफारिस सहित सूचना बमोजिम कार्यालयमा निवेदन दिन सक्नेछन् ।

घ. कार्यक्रम सञ्चालनका लागि कार्यालयमा प्राप्त निवेदनका आधारमा सम्बन्धित समस्याग्रस्त फलफूल बगैंचाको विवरण तयार गर्नेछ ।

ङ. उक्त विवरण बमोजिम कार्यालयबाट मूल्याङ्कन भई प्राथमिकताका परेका फलफूल बगैंचाहरुमा माग र आवश्यकताका आधारमा उपलब्ध बजेटको परिधिमा रही कार्यालयले



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

लागत इष्टिमेट तयार गरी निश्चित क्लष्टर बनाई उक्त क्लष्टरमा एकै पटकमा अभियानको रुपमा कार्यक्रम संचालन गर्न सक्नेछ ।

च. समस्याग्रस्त बगैंचा छनौटका लागि कार्यालयले स्थलगत अनुगमन गर्नेछ।

छ. यस कार्यक्रम सम्बन्धित स्थानीय तह र कृषकको सक्रिय सहभागितामा अभियानको रुपमा संचालन गरिनेछ ।

**(४) सञ्चालन हुने क्रियाकलाहरुः**

क. बगैंचा व्यवस्थापन सम्बन्धमा तालिम कार्यक्रम

ख. फलफूल बगैंचा व्यवस्थापन सम्बन्धमा प्रदर्शन कार्यक्रम

ग. पुराना बगैंचा व्यवस्थापनका लागि मल, विषादी, निलोतुथो, चुना, सुक्ष्मखाद्य तत्व लगायतका उत्पादन सामाग्रीमा सहयोग

घ. सिकेचर, प्रुनिङ स, स्प्रेयर, फल टिपाई सम्बन्धि औजार उपकरण लगायतका यन्त्र औजारमा सहयोग

ङ. रोग पहिचानका लागि प्रयोगशाला परीक्षण सेवा

च. प्राविधिक सहयोग

**(५) न्यूनतम मापदण्ड**

क. निश्चित क्लाष्टरका सबै बगैंचाहरु समेटिने गरी स्थापित र समस्याग्रस्त बगैंचाहरुमा यो कार्यक्रम संचालन गरिनेछ ।

**२०. प्राङ्गारिक मल वितरण कार्यक्रमः**

**(१) परिचयः** माटोमा प्राङ्गारिक पदार्थको मात्रा अभिवृद्धि गरी माटोको स्वस्थता कायम गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई बढाउनका लागि यस कार्यक्रम संचालन गरिनेछ ।

**(२) लक्षित समुहः** प्राङ्गारिक मल प्रयोग गर्न चाहने कृषक, कृषक समुह, कृषि उत्पादन कार्यमा संलग्न सहकारी र कृषि फर्म।

**(३) कार्यक्रमको प्राविधिक पक्ष र संचालन प्रक्रियाः**

क. कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि फर्मलाई बर्षमा १० मे.टन भन्दा बढी प्राङ्गारिक मलमा सहुलियत रकम उपलब्ध गराइने छैन र एक आर्थिक बर्षमा एक पटक भन्दा बढी सहुलियत उपलब्ध गराइने छैन।

ख. कार्यालयले राष्ट्रिय दैनिक पत्रिकामा २१ दिनको म्याद राखी प्राङ्गारिक मल आपूर्तीकर्तालाई सूचीकरण गर्ने सम्बन्धमा अनुसूची-२ बमोजिमको सूचना प्रकाशन गर्नेछ। प्रथम पटकको सूचना अनुसार प्राङ्गारिक मल आपूर्तीकर्ताहरुबाट प्रस्ताव पेश नभएमा पुनः ७ दिनको म्याद दिई प्रस्ताव आव्हान गरिनेछ ।

ग. कार्यालयले २१ दिनको म्याद राखी प्राङ्गारिक मल प्रयोग गर्न चाहने कृषक, कृषक समुह, कृषि सहकारी र कृषि फर्मलाई सूचीकरण गर्ने सम्बन्धमा अनुसूची-३ बमोजिमको



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

सार्वजानिक सूचना प्रकाशन गर्नेछ। प्रथम पटकको सूचना अनुसार माग बमोजिमको प्रस्ताव प्राप्त नभएमा पुनः ७ दिनको म्याद राखी प्रस्ताव आव्हान गरिनेछ ।

घ. प्राङ्गारिक मल आपूर्तीकर्ताले सूचनामा उल्लेखित कागजातहरु सहित कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

ङ. आवेदकले सूचनामा उल्लेखित कागजात सहित कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

च. नेपालमा उत्पादित प्राङ्गारिक मल मात्र कार्यक्रममा समावेश गरिनेछ।

छ. आपूर्तीकर्ता र आवेदकबाट प्राप्त हुने प्रस्ताव मूल्याङ्कन गरी छनौटका लागि कार्यालयमा सार्वजानिक खरिद नियमावली, २०६४ बमोजिमको मूल्याङ्कन समिति गठन गरिनेछ ।

ज. कार्यालयले छनौट भएका आपूर्तीकर्ताहरुको सूची र प्राङ्गारिक मल खरिद गर्न चाहने छनौट भएका लाभग्राहीहरुको निजहरुलाई सहुलियत दरमा उपलब्ध गराउन सकिने प्राङ्गारिक मलको परिमाण सहितको सूची प्रकाशित गर्नु पर्नेछ।

झ. छनौट भएका आपूर्तीकर्ताहरुसँग कार्यालयले सम्झौता गर्नु पर्नेछ। कार्यालयले आवश्यकता अनुसार प्राप्त भएको प्राङ्गारिक मलको नमुनाको परीक्षण समेत गर्न सक्नेछ।

**(४) आधारभुत मापदण्डः**

क. वितरण गरिने प्राङ्गारिक मलको न्यनतम मापदण्ड तथा गुणस्तर अनुसूची-८ बमोजिम हुनेछ ।

ख. मलको उत्पादन मिति र प्रयोग गरी सक्नु पर्ने मिति, ब्याच नं., तौल तथा मलमा पाइने पोषण तत्वको मात्रा प्रत्येक प्याकेजिङ्गमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनु पर्नेछ ।

**२१. कृषि मेला महोत्सवमा कृषकको सहभागिताका लागि सहयोग**

**(१) परिचयः** कृषकहरू, कृषि उद्यमीद्वारा उत्पादित कृषि उपजहरू प्रदर्शनमा राखेर उनीहरू बीच प्रतिस्पर्धा गराई प्रविधि अनुसरण र प्रसार भई उत्पादन र उत्पादकत्व बृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) लक्षित समुहः** मेला महोत्सवमा सहभागी हुने कृषकहरु र उपभोक्ताहरु

**(३) कार्यक्रमको प्राविधिक पक्ष र संचालन प्रक्रियाः**

क. सम्बन्धित कार्यालयले मेला आयोजना संचालन गर्ने संघ/संस्थाको प्रस्ताव बमोजिम उपलब्ध बजेटको परिधिमा रही कार्यालयको लक्ष्य र आवश्यकता पुरा हुने गरि कार्यक्रम संचालन गर्न सक्नेछ।

ख. कार्यक्रम संचालन गर्न कार्यालयले अधिकतम कृषकको सहभागिताको लागि प्रचार-प्रसार गर्नेछ।

**२२. कृषि सम्बन्धी विभिन्न दिवस कार्यक्रमः**

**(१) परिचयः**



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

कृषि क्षेत्रको समग्र उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषकलाई कृषि व्यवसायमा आकृष्ट गर्न,कृषि सम्बन्धि प्रविधि र सुचना मुलक सामाग्री प्रचार प्रसार, जनस्तरमा कृषि सम्बन्धि विभिन्न विषयमा चेतना जगाउने लागायत उद्देश्यका साथ कृषि सम्बन्धि विभिन्न दिवसहरु मनाउन सकिनेछ ।

**(२) कार्यक्रमको प्राविधिक पक्ष र संचालन प्रक्रियाः**

क. कार्यालयले कृषि क्षेत्रमा महत्वपुर्ण मानिएका दिवसहरु जस्तै विश्व खाद्य दिवस, जैविक विविधता दिवस, माटो दिवस, राष्ट्रिय धान दिवस, विश्व वातावरण दिवस, मह दिवस, विषादि प्रयोग मुक्त सप्ताह लागयत अन्य दिवसहरु सञ्चालन गर्न सक्नेछ ।

ख. दिवस मनाउनका लागि निम्नानुसारका क्रियाकलापहरु समेटिन सक्नेछन्

- सचेतनामुलक सामाग्रीसहितको प्रभातफेरी/र्‍याली
- जनचेतनामूलक गोष्ठि/सेमिनार
- प्रतिस्पर्धात्मक प्रतियोगिता एवं पुरस्कृत गर्ने कार्यक्रम
- प्रविधि प्रसार एवं सहयोग कार्यक्रम
- प्रचार/प्रसार सामाग्रीको उत्पादन, प्रकाशन एवं वितरण
- माटो दिवसमा माटो परीक्षण, समाग्री वितरण तथा प्राविधिक सेवाटेवा

**२३. कृषि तथ्याङ्क संकलन, अद्यावधिक तथा व्यवस्थापन कार्यक्रम**

**(१) परिचयः** बागमति प्रदेशमा स्थानीय तथा जिल्ला स्तरमा नियमित कृषि तथ्याङ्क संकलन तथा अधावधिक गरी कृषि तथ्याङ्क व्यवस्थापन विश्वसनिय वैज्ञानिक एवं प्रभावकारी बनाई आधारभूत कृषि तथ्याङ्कको अभिलेखीकरण, प्रशोधन, विश्लेषण र प्रकाशनमार्फत कृषि कार्यक्रमहरुको अनुगमन मुल्याङ्कन तथा प्रतिफल मापन, वस्तुपरक योजना, बजेट तथा कार्यक्रम तर्जुमा र समग्र कृषि क्षेत्रको परिमाणात्मक र गुणात्मक विकासमा योगदान पुर्याउनको लागि कृषि तथ्याङ्क संकलन तथा अद्यावधिक सम्बन्धी कार्यकम संचालन गरिनेछ।

**(२) कार्यक्रमको प्राविधिक पक्ष र संचालन प्रक्रियाः**

क. सम्बन्धित कार्यालयले नियमित रुपमा कृषि तथ्याङ्क संकलन तथा अद्यावधिक गर्न योजना तथा तथ्याङ्क हेर्ने शाखालाई जिम्मेवारी तोक्नुपर्नेछ।

ख. वर्षभरी संकलित कृषि तथ्याङ्कको प्रविष्टि, प्रशोधन एवं विश्लेषण गरी बार्षिक तथ्याङ्क पुस्तिका प्रकाशन गर्नुपर्नेछ।

ग. कृषि तथ्याङ्क संकलन तथा अद्यावधिक कार्यक्रमको लागि स्वीकृत बजेटको परिधिभित्र रहि आवश्यक र उपयुक्त क्रियाकलापहरु सहित लागत अनुगमान स्वीकृत गरि कार्यान्वयन गर्नुपर्नेछ।

ख. कृषि तथ्याङ्क संकलन तथा अद्यावधिक गर्न आवश्यकता र औचित्यका आधारमा घरधुरी सर्वेक्षण, लक्षित समूह छलफल (FGD), मुख्य जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता (KII), अवलोकन जस्ता बिधिहरु प्रयोग गर्न सकिनेछ। साथै कार्यालयले कृषि तथ्याङ्क संकलनको लागि कार्यालयका प्राविधिक कर्मचारी र आवश्यकता अनुसार स्थानीय तहका कृषि प्राविधिकहरुलाई समेत परिचालन गर्न सक्नेछ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

ग. तथ्याङ्क प्रमाणिकरण कार्यशाला (Validation Workshop) मार्फत तथ्याङ्कहरुको प्रमाणिकरण तथा अनुमोदन गर्नु पर्नेछ।

घ. कृषि तथ्याङ्क संकलन तथा अद्यावधिक सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा देहायका क्रियाकलाप/कार्यक्रमहरु समावेश गर्नुपर्नेछ।

- आधारभूत कृषि तथ्याङ्क संकलन तथा अध्यावधिक
- कृषि बालीहरुको लाभ लागत अध्ययन
- बाली कटानी
- कृषि बजार पूर्वाधार तथा बजार मूल्यसुची

## परिच्छेद-६

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

२४. **कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनको आर्थिक पक्षः** (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । अनुसूची १० बमोजिम पुँजीगत प्रकृतिका निर्माण कार्यहरुको हकमा कुल लागतको बढीमा ८० प्रतिशत तथा चालु प्रकृतिका कार्यक्रमहरुको हकमा बढीमा ५० प्रतिशतसम्म प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ ।

